






# जीवनका उतारचढाव पार गर्दै : मानवीय संकटको समयमा परिवर्तनको सम्बाहक बन्दै स्थानीय महिला नेताहरूको नेतृत्व

नेपालका विभिन्न भू-भाग हिमाल, पहाड, तराई, मध्येपश्चिम तथा सुदुरपश्चिमका जिल्लामा महिला पुनस्थर्नपना केन्द्र (WOREC) द्वारा आयोजित Strengthening Network of Women on Humanitarian Action (स्नेह) परियोजना अन्तर्गत Care USA को सहयोगमा Women's Voice and Leadership in Humanitarian Setting (WHS) परियोजनामा महिलाले नेतृत्व गरेका समूह तथा संस्थामा आवद्ध महिला नेताहरूको पन्ध्र समूह चयन गरिएको थियो र सात जिल्लाबाट महिला अधिकारकर्मीहरू लैङ्गिक समानताका लागि समर्पण, लैङ्गिक हिंसा विरूद्ध वकालत गर्ने महिला नेताहरूलाई छनोट गरि उनीहरूको समुदायमा महिलाका विशिष्ट आवश्यकता तथा अधिकारलाई स्थापित गर्न क्षमता अभिवृद्धि गरियो ।

यो Case Study महिला जागरण तथा विकास केन्द्र (CWAD) द्वारा WOREC बाट ७ दिने Feminist Monitoring Training(FMT), स्वहेरचाह सत्र, अन्तरपुस्ता संवादहरू र अझै धेरै विभिन्न हस्तक्षेपहरूबाट संस्थाको सिकाईहरूलाई हाइलाइट गर्न र दस्तावेजीकरण गर्न सञ्चालन गरिएको थियो । यी महिलाहरूले व्यक्तिगत चुनौतीहरू मात्र पार गरेका छैनन् सकारात्मक रुपान्तरणका लागि उत्प्रेरकका रूपमा पनि विकसित भएका छन् ।

कैलारी गाउँपालिकाको महिला नेतृत्व संस्था (WLO) की ३५ वर्षीय सचिव *कल्सी चौधरी*ले महिला सशक्तिकरण र नेतृत्व विकासलाई मूर्तरूप दिन्छिन् । उनको यात्रा नेतृत्व विकास, कानुनी सचेतना र जलवायु परिवर्तनको तालिमबाट सुरु भएको थियो । उनले महिला समूह र दलित महिला समूहलाई सहकारी संस्थाबाट बचत तथा ऋणको लागि पहल गरी साना व्यवसायहरू मार्फत महिला सशक्तिकरणलाई बढावा दिन पहल गरिन् । उनी विपद् व्यवस्थापन र जोखिम न्युनिकरणमा पनि एक नेताको रूपमा उभिइ बाढी, आगलागी र आधीँबेरीमा विपतमा परेका महिलालाई सेवा दिन्छिन् । उनको प्रतिबद्धताले उनलाई महिला मानव अधिकार रक्षक सञ्जालमा सामेल हुन प्रेरित गऱ्यो । जहाँ उनले महिला हिंसा विरूद्ध सचेतना मुलक कार्यक्रम सञ्चालन गरिन् । FTM ले नारीवादी सिद्धान्तहरू, महिला अधिकारहरू र विपद्को समयमा महिलाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्नमा उनको सिप र ज्ञानलाई बढायो ।

> *"एकताबद्ध भएर सिकेर र वकालत गरेर कुनै पनि महिलाले आफ्नो अधिकारको रक्षाको लागि हिंसाको सामना गर्नुपर्दैन र हिंसा फस्टाउन दिनु हुन्न् भन्ने कुरा सुनिश्चित गर्न सक्छौं ।"*
>
> *- कल्सी चौधरी*



भीमदत्त नगरपालिकाको WLO की अध्यक्ष *भगवती थापाले* महिला सहभागीता र समानताको वकालत गर्दै सन् १९९८ मा आफ्नो यात्रा सुरू गरिन् । लैङ्गिक समानता, समावेशीता, महिला अधिकार र महिला विरूद्धको हिंसा सम्बन्धि व्यापक तालिमले उनलाई अभियन्ता र प्रशिक्षकका रूपमा उभायो । उनी विपद व्यवस्थापन र जोखिम न्युनिकरण कार्यक्रमहरूमा सक्रिय रूपमा संलग्न भई

राष्ट्रिय गैरसरकारी संस्था Needs नेपाल मार्फत् आफ्नो ज्ञान बढाउदै गइन् । FMT पुरा गरेपछि उनले आफ्नो प्रयासहरूलाई विस्तार गरिन् । विपद् व्यवस्थापन समितिहरूलाई महिला प्रतिनिधित्वको लागि लबिङ गर्दै मानवीय संकट र जोखिम न्युनिकरण तालिमको आयोजना गरिन् ।

दोधारा चाँदनी नगरपालिकाको WLO धनसरा चन्दले सन् १९९५ मा स्वयंसेवी महिला स्वास्थ्य कार्यकर्ताको रूपमा आफ्नो यात्रा सुरू गरेकी थिइन् । उनले महिला प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन, शिशु स्वास्थ्य र खोप सेवामा काम गरिन् । यस सँगै उनी रेडक्रस समितिको सदस्य बनिन् र मानवीय संकट र राहत वितरणमा सक्रिय रूपमा सहभागी भइन् । उनको प्रयास नगरपालिका द्वारा संचालित आय आर्जन कार्यक्रम, लैङ्गिक समानता र महिला अधिकारको लागि जागरूकता अभियानहरूमा विस्तार भयो । FMT पछि उनले संकटको समयमा महिलाहरूको विशिष्ट आवश्यकता पुरा गर्न नगरपालिका र रेडक्रससँग समन्वय गर्ने लक्ष्य राखिन् ।

*"मेरो जीवनलाई शिक्षा, सहयोग र सक्रियता मार्फत कुनै पनि महिलालाई पछाडी नछोडेको भनी सुनिश्चित गर्न सक्छु यसका लागि म समर्पित छु ।"*
*– धनसरा चन्द*



निर्मा चौधरीले सन् २००७ मा तुलसीपुर उपमहानगरपालिका (TSuMC) WLO को अध्यक्ष भईन् । उनको संस्थाले क्षमता निर्माण, चेतना र महिला अधिकारको वकालतमा केन्द्रित हुँदा सामुदायका व्यक्तिहरू र नगरपालिकासँग सहकार्य गर्ने अवसरहरू सिर्जना गऱ्यो । सन् २०१७ मा तुलसीपुर उपमहानगरपालिकाको वडा ४ को वडा सदस्यको रूपमा निर्वाचित निर्माले महिलाको क्षमता वृद्धि र आय आर्जन कार्यक्रमहरूको लागि बजेट छुट्ट्याउन महत्वपूर्ण भूमिका खेलिन् । बाढीको मौसममा राहत वितरण कार्यमा सक्रिय रूपमा सहभागी भइन् । निर्माको नारीवादी तालिमले मानवीय संकटका बेला महिलाका विशिष्ट आवश्यकताहरूबारे उनको चेतनालाई बढायो र ती आवश्यकतालाई सम्बोधन गर्ने उनको प्रतिवद्धतालाई सुदृढ पाऱ्यो ।

टिकापुर नगरपालिकाको WLO की आशा कुमारी चौधरीको यात्रा स्कुलमा छँदा नै ओरेक द्वारा आयोजित क्षमता अभिवृद्धि र महिला अधिकार सम्बन्धि तालिमबाट सुरू भयो । माओवादी द्वन्द्वका क्रममा परिवारका सदस्यहरू गुमाउनु परेको पिडा सहेर उनले मानसिक स्वास्थ्य परामर्श कार्यक्रमबाट सान्तवना र उपचार पाएकी थिइन् । उनी स्व-रक्षा, रोजगार र कानुनी अधिकार सम्बन्धि तालिममा सहभागी भएकी थिइन् । १२ कक्षा सम्मको पढाई पुरा गरेपछि उनी बाढी प्रभावित वडामा राहत वितरणमा सक्रिय रूपमा सहभागी भइन् । आशाले अब राहतहरू वितरण गर्दा महिलाको विशिष्ट आवश्यकतालाई ध्यानमा राख्ने सुनिश्चितता गरेकी छन् ।

*"माओवादी द्वन्द्वका कारण मानसिक तनावबाट पिडित भएपछि एक मानसिक स्वास्थ्य परामर्श तालिमले निको हुन मदत गऱ्यो जसले गम्भीर चुनौतीहरु पछि पनि लचिलोपन सम्भव छ भन्ने सिकायो ।"   – आशा कुमारी चौधरी*

१८ वर्षको कलिलो उमेरमा विवाह भएपछि घरेलु हिंसाको सिकार भएकी दङ्गीशरण गाउँपालिकाको WLO की अध्यक्ष बोधनी चौधरीको जीवनले चुनौतीपूर्ण मोड लियो । सन् २००७ मा महिला समूहको अध्यक्षता ग्रहण गरेपछि उनको आत्म विस्वास बलियो भयो । उनले महिला हिंसा र महिला अधिकार सम्बन्धि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिन र WOREC सँग सहकार्यबाट संस्थाको नेतृत्व सुरू गरिन जसले आय आर्जन र महिलाहरूको विशिष्ट आवश्यकताहरूलाई प्राथमिकता दिँदै मानवीय संकटको समयमा राहत वितरणको लागि नगरपालिकासँग समन्वय गर्ने योजना बनाएको छ ।

*"व्यक्तिगत सङ्घर्षबाट मैले आफ्नो शक्ति र उदेश्य भेट्टाए । यो शक्ति र उदेश्य बाँच्नको लागि मात्र नभई महिलाहरु नेतृत्वमा फस्टाउन हो ।"*
*– बोधनी चौधरी*

यी उल्लेखनीय महिला नेताहरूले भोगेका व्यक्तिगत कठिनाईहरू पार गरी आफूमा ज्ञान र सशक्तिकरणको विकास गरेका छन् । आफ्नो समुदायमा महिला अधिकारको लागि अगुवाको रूपमा आफ्नो भूमिकालाई प्रभावकारी बनाएका छन् । उनीहरूको समर्पण र समुदाय प्रतिको सद्भावबाट प्राकृतिक प्रकोप, विपत व्यवस्थापन र मानवीय संकटको समयमा महिलाहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता रहको छ । उनीहरूको कथाहरूले समावेशी र महिला सशक्तिकरणको विषयमा समाजमा परिवर्तनका लागि उर्जा थपेको छ । महिलाहरूले आफ्ना व्यक्तिगत तथा सामाजिक बाधाहरूलाई पन्छाई न्यायोचित भूमिका निर्वाह गर्न सक्छन् र प्राकृतिक प्रकोप तथा विपत् व्यवस्थापनमा नेतृत्वदायि भूमिका खेल्न सक्छन भन्ने उदाहरण दिँदै यी महिलाहरूले मार्गदर्शन दिइरहेका छन् । SNEHA परियोजनाले यस्तै महिलाहरूसँग कार्य गर्दछ ।